# स्थानीय राजपत्र

**सैनामैना नगरपालिका, रूपन्देहीद्वारा प्रकाशित**

**खण्ड ९) सैनामैना नगरपालिका, २०८२/०३/..... साल (संख्या .....**

**भाग–२**

## सैनामैना नगरपालिका, रूपन्देही

## कार्यविधिको नाम: सैनामैना नगरपालिकाको प्रसुति विदामा बसेका शिक्षकको सट्टामा स्वयम् सेवक शिक्षक परिचालन सम्बन्धी कार्यविधि, २०८२

प्रस्तावना:

सैनामैना नगरपालिकाको नगर शिक्षा ऐन, २०७४ र शिक्षा नियमावली, २०७४ कार्यन्वयनका लागि सैनामैना नगरपालिकामा सञ्चालित सामुदायिक विद्यालयमा दरबन्दी, राहतमा र शिक्षण सहयोग अनुदानमा कार्यरत शिक्षक प्रसुति विदामा बसेको समयमा नीजहरुले अध्यापन गर्ने विषयको पठन पाठन प्रभावित हुन

नदिन स्वयम् सेवक शिक्षक व्यववस्थापन गरी शिक्षण सिकाइलाई निरन्तरता दिन वाञ्छनीय भएको हुनाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) को अधिकार प्रयोग गरी "सैनामैना नगरपालिकाको प्रसुति विदामा बसेका शिक्षकको सट्टामा स्वयम् सेवक शिक्षक परिचालन सम्बन्धी कार्यविधि, २०८२" जारी गरिएको छ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नामः "सैनामैना नगरपालिकाको प्रसुति विदामा बसेका शिक्षकको सट्टामा स्वयम् सेवक शिक्षक परिचालन सम्बन्धी कार्यविधि, २०८२" रहेको छ

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्विकृत भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) **"विद्यालय"** भन्नाले सैनामैना नगरपालिकामा सञ्चालित सामुदायिक विद्यालयलाई जनाउँछ।

ख) **“स्वयम् सेवक शिक्षक"** भन्नाले कार्यविधिको दफा ५ को उपदफा (घ) बमोजिम करारमा नियुक्त गरिएको स्वयम् सेवक शिक्षकलाई जनाउँछ।

ग) **"प्रसुति विदा"** भन्नाले प्रजनन् हक सम्बन्धी ऐन, २०७५ को परिच्छेद - ३ को दफा १३ मा व्यवस्था भएको विदाको अवधिलाई बुझाउँछ।

घ) **“नगरपालिका"** भन्नाले सैनामैना नगरपालिकालाई सम्झनु पर्दछ।

ङ) **"कार्यपालिका"** भन्नाले सैनामैना नगरपालिकाको कार्यपालिकालाई बुझाउँछ।

च) **"दरबन्दी, राहत (शिक्षक अनुदान कोटा), र शिक्षण सहयोग अनुदानका शिक्षक"** भन्नाले संघीय सरकारबाट वित्तीय हस्तान्तरण

भएको अनुदानबाट तलब भत्ता प्राप्त गर्ने गरी नियुक्त स्थायी र करारमा कार्यरत महिला शिक्षकलाई सम्झनु पर्दछ।

छ) **"नगर अनुदान शिक्षक"** भन्नाले सैनामैना नगरपालिकाको नगरसभाबाट स्वीकृत बजेटबाट तलब भत्ता खाने गरी करारमा नियुक्त महिला शिक्षकलाई बुझाउँछ।

ज) **"विद्यालय ब्यवस्थापन समितिको अध्यक्ष"** भन्नाले शिक्षा ऐन, २०२८ को दफा १२ बमोजिम गठित विद्यालय व्यवस्थापन समितिको अध्यक्षलाई जनाउँछ ।

झ) **"बरिष्ठ शिक्षक"** भन्नाले विद्यालयका कार्यरत स्थायी शिक्षक मध्ये माथिल्लो तहको शिक्षकलाई बुझाउँछ ।

## परिच्छेद २
## स्वयम् सेवक शिक्षक व्यवस्थापन सम्बन्धी व्यवस्था

३. विद्यालयमा कार्यरत दरबन्दी, राहत र शिक्षण सहयोग अनुदानमा कार्यरत महिला शिक्षकले प्रचलित कानून बमोजिम प्रसुति विदा पाउने र उक्त विदा स्वीकृत भएको हुनुपर्ने छ।

४. प्रसुति विदा स्वीकृत भएपछि सम्बन्धित विद्यालयले आधारभूत तहको हकमा स्नातक तहमा अध्ययनरत विद्यार्थीहरु मध्ये र माध्यमिक तहको हकमा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरु मध्ये इच्छुक विद्यार्थीहरुबाट तीन दिनको समय दिइ देहायका कागजात संलग्न गरी निवेदन दिन सूचना प्रकाशन गर्नेछ। आधारभूत तहमा स्नातक र माध्यमिक तहमा स्नातकोतर अध्ययनरत विद्यार्थी उपलब्ध हुन नसकेमा आधारभूतका लागि दश जोड दूई उतिर्ण र माध्यमिकका लागि स्नातक तहमा अध्ययनरत विद्यार्थी समेतको आवेदन लिन सकिने छ।

५. स्वयम् सेवक शिक्षक छनौट सम्बन्धी व्यवस्थाः विद्यालयले प्रसुति विदा स्वीकृत भएपछि देहायको प्रकृया पुरा गरी स्वयम् सेवक शिक्षक छनौट गर्ने छ।

क. विद्यालय व्यवस्थापन समितिको अध्यक्ष, विद्यालयको वरिष्ठ शिक्षक र प्रधानाध्यापक सदस्य सचिव रहेको छनौट समिति गठन गर्ने।

ख. नगरपालिकाबाट स्वयम् सेवक शिक्षक राख्न अनुमति लिने।

ग. तीन दिनको समयावधि दिएर स्वयम् सेवक शिक्षकको लागि सूचना प्रकाशन गर्ने।

घ. रितपूर्वक पेश भएका निवेदनहरु मध्येबाट सबभन्दा बढी जिपिए वा सिजिपिए वा ग्रेड वा अंक ल्याउने उमेद्वारलाई स्वयम् सेवक शिक्षकमा करार गरी काममा लगाउने। करार सम्झौता गर्दा काम गर्नुपर्ने अवधि, निजले पाउने खाजा खर्च र यातायात खर्च गरी रु १५००० मासिक सेवा सुविधा, करार सकिने मिति जस्ता शर्तहरु स्पष्ट उल्लेख भएको हुनुपर्दछ।

## परिच्छेद तीन
## विविध

६. नगरपालिकाको स्वीकृत बजेटले पुग्ने अवस्थासम्ममात्र यातायात र खाजा खर्च उपलब्ध गराउन यो कार्यविधि कायम रहनेछ। कार्यपालिकाले बजेट स्वीकृत नगरेको अवस्थामा यो कायविधिका आधारमा गरिने दावी मान्य हुने छैन।

७. यो कार्यविधिको कार्यान्वयनको सम्बन्धमा कुनै समस्या परेमा वा द्विविधा भएमा नगर शिक्षा समितिको निर्णयानुसार हुनेछ ।

## अनुसूची-१
## निवेदनको ढाँचा

श्रीमान् वि.व्य.स अध्यक्ष ज्यू, मितिः
.................. विद्यालय,
सैनामैना नगरपालिका ।

महोदय,
उपर्युक्त सम्बन्धमा यस विद्यालयको मिति ........................... को सूचना अनुसार करारमा स्वयम् सेवक शिक्षक छनौटको लागि योग्यता पुगेका उम्मेदवारबाट निवेदन माग भई आएकोले देहायका कागजात संलग्न गरी निवेदन गरेको छु । मलाई यस विद्यालयमा सेवा गर्ने अवसर प्राप्त भएमा मैले सकेको राम्रो गर्ने प्रयास गर्नेछु ।

निवेदक
नामः
हस्ताक्षरः
फोन नम्वरः

देहायः
१ शैक्षिक योग्यताको प्रतिलिपि,
२ नेपाली नागरिकताको प्रतिलिपी,
३ अध्ययन गरिरहेको भए प्रमाण,

## अनुसूची-२

## करार सम्झौता पत्र

सैनामैना नगरपालिकाको प्रसुति विदामा बसेका शिक्षकको सट्टामा स्वयम् सेवक शिक्षक परिचालन सम्बन्धी कार्यविधि, २०८२ अनुसार ………………….. विद्यालय (यस पछि प्रथम पक्ष भनिएको) र स्वयम् सेवक शिक्षक श्री ……………………………………….. (यस पछि दोस्रो पक्ष भनिएको) बीच तपसील अनुसारको शर्त रहने गरि यो सम्झौता पत्रमा हस्ताक्षर गरी १/१ प्रति लियौंदियौं ।

शर्तहरु

१. प्रथम पक्षले स्वयम् सेवक शिक्षक हाजिर हुने मिति खुलाई करार शिक्षक नियुक्ति पत्र दोस्रो पक्षलाई दिनु पर्नेछ ।

२. नियुक्त भई हाजिर भएको मिति देखी दोस्रो पक्षले नियमित रुपमा विद्यालय समय भित्र प्र.अ ले खटाएको काम गर्नु पर्ने छ ।

३. इमान्दारिको साथ दोस्रो पक्षले आफ्नो क्षमताले भ्याएसम्म मिहेनत गरी शिक्षण सिकइ लगाएतको विद्यालयले तोकेको काम गर्नु पर्नेछ ।

४. प्रथम पक्षले दोस्रो पक्षलाई नियुक्तिपत्र दिंदा करारको म्याद समाप्त हुने मिति स्पस्ट रुपमा लेखेर दिनुपर्ने छ ।

५. प्रथम पक्षले दोस्रो पक्षलाई सैनामैना नगरपालिकाको प्रसुति विदामा बसेका शिक्षकको सट्टामा स्वयम् सेवक शिक्षक परिचालन सम्बन्धी कार्यविधि, २०८२ अनुसारको सेवा सुविधा उपलब्ध गराउनु पर्नेछ ।

६. यस सम्झौतामा उल्लेखित विषय बाहेकका सम्झौता सम्बन्धी अन्य कुराहरु प्रचलित ऐन कानुन अनुसार हुनेछ ।

<u>तपसिल:</u>

| | | |
|---|---|---|
| प्रथम पक्षको तर्फबाट | रोहवर | दोस्रो पक्षकोपक्षबाट |
| नामः | नामः | नाम: |
| पदः प्र अ | पदः वि व्य स अध्यक्ष | पद: स्वयम् सेवक शिक्षक |
| हस्ताक्षर | हस्ताक्षरः | हस्ताक्षर: |

मिति:

प्रमाणीकरण मितिः २०८२/०५/......

आज्ञाले
**जीवन ज्ञवाली**
प्रमुख प्रशासकीय अधिकृत